# सुदूरपश्चिम विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर

## छैटौं दीक्षान्त समारोहको कार्यक्रमसम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/०१**

सुदूरपश्चिम विश्वविद्यालयको छैटौं दीक्षान्त समारोह २०८३ साल असार १२ गते, शुक्रबार तद्नुसार June 26, 2026 मा बिहान १०:०० बजेदेखि आयोजना गरिने भएकोले सम्बन्धित सबै विद्यार्थीहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । दीक्षान्त समारोहमा सहभागी हुने विद्यार्थीहरुले आ-आफ्नो गाउन, स्कार्फ र टोपी पहिरी प्रवेशद्वारमा आफूले प्राप्त गरेको ग्रेस कार्ड देखाई बिहान ०९:०० बजेभित्र समारोह स्थलमा प्रवेश गर्नुपर्ने र Seating Arrangement अनुसार तोकिएको स्थानमा बसिसक्नु पर्नेछ । यस समारोहसँग सम्बन्धित अन्य विस्तृत कार्यक्रम निम्नानुसार हुनेछ ।

१. **गाउन, स्कार्फ र टोपी वितरण :**

क. मिति २०८३ असार ०२ गतेदेखि असार ०९ गतेसम्म ।

ख. समय : बिहान ०९:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म ।

ग. अनिवार्य रुपमा ल्याउनु पर्ने कागजातहरु : एम.आर.पि. (MRP) साइजको फोटो दुई प्रति ।

घ. समारोहको दिन २०८३/०३/१२ गते गाउन, स्कार्फ र टोपी समारोह स्थलबाट वितरण नगरिने भएकोले उपरोक्त मिति भित्रै गाउन, स्कार्फ र टोपी अनिवार्य रुपमा लिई सक्नु पर्नेछ ।

२. **पोशाक :** समारोहमा भाग लिन आउने विद्यार्थीहरुले लगाउनु पर्ने पोशाक निम्नानुसार हुनेछ :

क. छात्रहरुले औपचारिक पोशाकमा टोपी, कोट, पाइन्ट, टाई र सुदूरपश्चिम विश्वविद्यालयले उपलब्ध गराएको गाउन, स्कार्फ र टोपी ।

ख. छात्राहरुले औपचारिक पोशाकमा वा साडी, ब्लाउजमा सुदूरपश्चिम विश्वविद्यालयले उपलब्ध गराएको गाउन, स्कार्फ र टोपी ।

३. **प्रमाणपत्र वितरण :**

क. प्रमाणपत्र वितरण विश्वविद्यालय केन्द्रीय कार्यालय परिसर स्थित प्रमाणपत्र वितरण काउन्टरबाट गरिनेछ ।

ख. दीक्षान्त समारोहमा उपस्थित भएका तर सो दिन प्रमाणपत्र लिन नभ्याएका र भाग लिन आवेदन दिई भाग लिन नसकेका विद्यार्थीहरुले पछि सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

४. **गाउन, स्कार्फ, टोपी र धरौटी रकम फिर्ता : (विदाको दिन बाहेक)**

**क. गाउन, स्कार्फ र टोपी फिर्ता गरिने मिति : २०८३ असार १५ गतेदेखि २०८३ असार २२ गतेसम्म ।**

ख. सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट बिहान ०९:०० बजेदेखि अपरान्ह ०५:०० बजेसम्म गाउन, स्कार्फ र टोपी विद्यार्थीबाट लिई धरौटी रकम बैंक मार्फत फिर्ता गरिनेछ ।

ग. गाउन, स्कार्फ र टोपी वितरण गर्दा दिईएको मेमो पेपरका साथ गाउन, स्कार्फ र टोपी बुझाएपछि मात्र धरौटी रकम रु. ४,०००।- फिर्ता गरिनेछ । गाउन, स्कार्फ र टोपी हराएमा वा तीनमध्ये कुनै एक वा दुई हराएमा वा फिर्ता नबुझाएमा निजको धरौटी रकम फिर्ता गरिने छैन ।

घ. उपरोक्त मिति भित्र गाउन, स्कार्फ र टोपी फिर्ता नगर्ने विद्यार्थीहरुको निम्नानुसार विलम्ब शुल्क कटाई धरौटी रकम फिर्ता गरिनेछ । साथै फाराम भरेका तर गाउन, स्कार्फ र टोपी नलगेका विद्यार्थीहरुका लागि पनि आफ्नो धरौटी रकम फिर्ता लिन निम्न बमोजिम तोकिए अनुसारकै बिलम्ब शुल्क लाग्नेछ ।

च. बिलम्ब शुल्क लिई गाउन, स्कार्फ र टोपी वाफतको धरौटी रकम फिर्ता गर्ने मिति

| **मिति** | **विलम्ब शुल्क** |
|---|---|
| २०८३/०३/२३ गतेदेखि २०८३/०३/२५ सम्म | रु. २५०।- |
| २०८३/०३/२६ गतेदेखि २०८३/०३/३१ सम्म | रु. ५००।- |
| २०८३/०३/३२ गतेदेखि २०८३/०४/०४ सम्म | रु. ७५०।- |
| २०८३/०४/०५ गतेदेखि २०८३/०४/०७ सम्म | रु. १,०००।- |

**उक्त मिति भित्रमा पनि धरौटी नलगेमा धरौटी ल्याप्स हुनेछ ।**

**परीक्षा नियन्त्रक**